Reg. No. 681 SWC Aff. No. 15556

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

## प्रेश बिज्ञप्ती

## १२ दिने दलित अधिकार अभियानमा जुटौ ।

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल बि.स.२०५७ भाद्र ०६ गतेका दिन दलित समुदायका बहुआयामिक समस्याहरुको तत्कालिन तथा दीर्घकालिन समाधानका लागि **जातीय छुवाछूत र भेदभाव बिनाको अर्को नेपाल संभव छ, आउनुहोस निर्माण गरौ** भन्ने लक्ष्यका साथ स्थापना गरिएको मुलुकमा दलित अधिकारका लागि चलेको बिभीन्न आन्दोलनहरु मध्य धेरै लक्ष्य भएको एउटै लक्ष्य, धेरै योजनाहरु भएको एउटै योजना, धेरै नीति तथा कार्यक्रम भएको एउटै नीति तथा कार्यक्रम, धेरै संगठनात्मक स्वरुपहरुको एउटै संगठन, धेरै अवधारणाहरुको एउटै अवधारणा र साझा भावनाका साथ नयाँ एकिकृत आन्दोलनका रुपमा स्थापित नेतृत्वदायी मानव अधिकारमुखी पद्धतीमा बिश्वास राख्ने दलित एक्टीभिष्टहरुको स्कुल हो । हाल राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल **कसैलाई पछाडी नछाड** भन्ने संकल्पका साथ दीगो बिकास लक्ष्य २०३० मा लक्ष्यहरुसंग दलित समस्याहरुको एकिकृत समाधान हुनुपर्दछ भन्ने मान्यताका साथ दलित अधिकार दशकका कार्यान्वयनका लागि अभियानमा रहेको छ ।

दलित अधिकार दशकलाई सफल बनाउन मिति २०८० जेष्ठ १० देखि २१ गतेसम्मको अवधीलाई **१२ दिने दलित अधिकार अभियान (12 Days Dalits Rights Campaign)** सञ्चालन गर्ने निर्णय गरेको छ । यो अभियान जेष्ठ १० गते रुकुम पश्चिममा नवराज बिक लगायतका ६ जना यूवाहरुको नरसंहार भएको दिन हो जसलाई नेपाली दलित आन्दोलनले कहिल्यै भुल्न सक्दैन र प्रतिरोध गर्ने संकल्प गर्नुपर्ने दिन हो, भने सोही दिन जातीय छुवाछूत तथा भेदभाव (कसुर र सजाय ऐन) २०६८ संसदबाट पारित भएको दिन, जेष्ठ १५ गते संघीय संसदमा बजेट आउने दिन, जेष्ठ १६ गते महिला अधिकार दिवश, जेष्ठ १८ गते छुवाछूत बिरोधी ऐनमा लालमोहर लागेको दिन र जेष्ठ २१ गते छुवाछूत मुक्त राष्ट्र घोषणा भएको दिन अर्थात दलित अधिकार दिवश हो । यी सबै दिनहरुलाई सम्झेर १२ दिने दलित अधिकार अभियानको सान्दर्भिकता छ ।

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको अगुवाईमा आजदेखि प्रारम्भ भएको १२ दिने अभियान सबैको अभियान हुनु पर्दछ भन्ने बिश्वासका साथ नेपाल सरकार, राजनितिक दलहरु, सामाजिक रुपान्तरणको अभियानका साँझेदारहरु, आबद्ध महासंघ, नेटवर्क तथा एलायन्सहरु, मानव अधिकार तथा नागरिक संगठनका अगुवाहरु, दलित राजनितिक संगठनहरु, दलित एक्टीभिष्टहरु, RDN नेपालका सबै तहका साथीहरु र आम दलित समुदायलाई आव्हान गर्न चाहन्छौ ।

**मिति: २०८० जेष्ठ १० गते**

**गणेश बि.के.**
**केन्द्रीय अध्यक्ष**